# लेखक परिचय

रेडियो पत्रकार **अनिल क्षेत्री** काठमाडौँस्थित उज्यालो एफएममा कार्यरत छन् ।

**केशवराज पराजुली** विगतमा पोखराबाट लामो समय प्रकाशित *जनमत* दैनिकका संस्थापक सम्पादक/प्रकाशक हुन् । उनको *सम्पादकको कलम* पुस्तक प्रकाशित छ ।

**गणेश राई** *कान्तिपुर* दैनिकसँग आबद्ध छन् । १५ वर्षअघि पत्रकारिता क्षेत्रमा प्रवेश गरेका राई २०५० सालदेखि वाम्बुले राई भाषामा प्रकाशित *लिब्जु-भुम्जु* त्रैमासिक पत्रिकाका सम्पादक हुन् ।

**घिमिरे युवराज** शिल्पी कला समूहमा आबद्ध रङ्गकर्मी हुन् । कला समीक्षकका रूपमा समेत परिचित घिमिरेले हालसम्म दर्जनभन्दा बढी नाटकमा निर्देशन र अभिनय गरेका छन् ।

**दीपा गौतम** नेपाल टेलिभिजनकी प्रमुख कार्यक्रम निर्माता हुन् । सञ्चारमाध्यममा महिलाको चित्रण र तिनको अवस्थाबारे कलम चलाउँदै आएकी गौतमका दुई पुस्तक प्रकाशित छन् ।

**निर्मलमणि अधिकारी** काठमाडौँ विश्वविद्यालयमा आमसञ्चार र पत्रकारिता विषय प्राध्यापन गरिरहेका छन् । पत्रकारितालगायत अन्य विधामा गरी उनका दुई दर्जनजति पुस्तक प्रकाशित छन् ।

**प्रत्यूष वन्त** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । दुई ओटा जर्नलका सह-सम्पादक वन्तका नेपाली मिडिया र अन्य विधासँग सम्बन्धित डेढ दर्जनजति पुस्तक प्रकाशित छन् ।

**भास्कर गौतम** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । मिडिया, गरिबी, सहरीकरण, माओवादी विद्रोह, मधेस विद्रोह आदि विषयमा उनका करिब आधा दर्जन पुस्तक प्रकाशित छन् ।

**माधब कुमार बस्नेत** अधिवक्ता हुन् । बस्नेत विगत पाँच वर्षदेखि कलेज अफ जर्नालिज्म एण्ड मास कम्यूनिकेसन (सिजेएमसी) मा मिडिया ल को प्राध्यापनसमेत गर्दै आएका छन् ।

**रमा पराजुली** बीबीसी वर्ल्ड सर्भिस ट्रष्टद्वारा सञ्चालित साप्ताहिक कार्यक्रम *साझा सवाल*मा आबद्ध छिन् । *कान्तिपुर* दैनिकमा करिब १० वर्ष पत्रकारिता गरेकी पराजुलीको सह-सम्पादनमा *मिडियाको अन्तर्वस्तु: विविध विश्लेषण* पुस्तक प्रकाशित छ ।

**रमेश वडाल** श्रमसम्बन्धी कानून तथा नीतिनिर्माणमा क्रियाशील छन् । श्रमिक व्यवस्थापन, कानून र मानवअधिकारसम्बन्धी उनका करिब आधा दर्जन पुस्तकहरू प्रकाशित छन् ।

**सचिन घिमिरे** भारतको नयाँदिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालयमा चिकित्सा मानवशास्त्रमा एमफिल गर्दै छन् ।

**सरस्वती कार्की** *कान्तिपुर* दैनिकसँग आबद्ध छिन् । उनी सो पत्रिकाको विराटनगर क्षेत्रीय ब्यूरोमा उप-सम्पादकका रूपमा कार्यरत छिन् ।

**सुधीर शर्मा** *नेपाल* साप्ताहिकका सम्पादक हुन् । उनी विगतमा *काठमाडौं टुडे*, *हिमाल खबरपत्रिका*मा संलग्न थिए ।

**सौरभ**ले २५ वर्षभन्दा बढी समय पत्रकारितामा बिताइसकेका छन् । उनी विगतमा विभिन्न समय *गोरखापत्र, कान्तिपुर, नयाँ सडक* तथा बीबीसी नेपाली सेवामा आबद्ध थिए ।

**हर्षमान महर्जन** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । उनको सह-सम्पादनमा *समावेशी मिडिया* प्रकाशित छ ।